| गाउँपालिकाको कार्यविधि संख्याः | १७ |
|---|---|

# भूमे गाउँ गाउँपालिका

# मारिङ एकीकृत कृषि अनुसन्धान केन्द्र व्यवस्थापन कार्यविधि, २०७५

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७५।०६।०३**

भूमे गाउँपालिका
रुकुम (पूर्वी भाग) जिल्ला
प्रदेश नं. ५, नेपाल

# मारिङ एकीकृत कृषि अनुसन्धान केन्द्र (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७५

### भाग १ प्रारम्भिक

**१. प्रस्तावना:**

कृषि क्षेत्रलाई व्यवसायीकरण गर्दै कृषकहरुको जीवनस्तर उकास्न र समुन्नत तुल्याउने दृष्टिकोणले कृषि व्यवसाय प्रवर्द्धन गर्दै भूमे गाउँपालिकाका कृषकहरुमा नविन कृषि ज्ञान सीप र प्रविधिको विकास गर्नुका साथै सफल प्रविधिलाई कृषक स्तरमा हस्तातरण गर्ने उदेश्यले यो जारी गरी कार्यन्वयनमा ल्याईएको छ।

**२. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यो कार्यविधिको नाम "मारिङ एकीकृत कृषि अनुसन्धान केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**३. परिभाषा:**

अ) **कार्यविधि** मारिङ एकीकृत कृषि अनुसन्धान केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७५ लाई सम्झनुपर्दछ।

आ) **गाउँपालिका** भन्नाले भूमे गाउँपालिकालाई सम्झनु पर्दछ । सो शब्दले आवश्यक परेको अवस्थामा अन्य गाउँपालिकालाई समेत जनाउनेछ।

इ) **गाउँसभा** भन्नाले भूमे गाउँ सभालाई सम्झनु पर्दछ।

ई) **अध्यक्ष** भन्नाले भूमे गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्दछ।

उ) **उपाध्यक्ष** भन्नाले भूमे गाउँपालिकाका उपाध्यक्षलाई सम्झनु पर्दछ।

ऊ) **गाउँ कार्यपालिका** भन्नाले भूमे गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

ऋ) **प्रमुख प्रशासकीय अधिकृत** भन्नाले भूमे गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

ऌ) **संयोजक** भन्नाले यस कार्यविधि अन्तर्गतको समितिको संयोजकलाई सम्झनुपर्दछ।

ऍ) **कार्यालय** भन्नाले भूमे गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

ऐ) **समिति** भन्नाले यस कार्यविधि बमोजिम गठित विभिन्न समितिहरु सम्झनुपर्दछ।

**४. उद्देश्य:**

मारिङ एकीकृत कृषि अनुसन्धान केन्द्रका अल्पकालीन, उद्देश्यहरु देहाय बमोजिम रहेका छन्।

**अल्पकालिन**

१)  विभिन्न उन्नत जातका लेकाली फलफूलका गुणस्तरीय विरुवा उत्पादन गरी कृषकहरुलाई सुपथ मूल्यमा बिक्री गरी उपलब्ध गराउने।

२)  कृषकको मागलाई ध्यानमा राखी हावापाली सुहाउदो  वीउ वेर्ना फलफूल वेर्ना उत्पादन गरी सुपथ मुल्यामा बिक्री गरी उपलब्ध गराउने।

३)  विभिन्न लेकाली फलफुल तथा तरकारी वालीका प्रजनन सामग्री संकलन संम्वर्द्धन गरी उपयूक्त जात विस्तार तथा प्रसार गर्न टेवा पुर्याउने।

४)  सय अनुसन्धाका प्रभाव क्षेत्रमा लोप भएर जान लागेका वालीको जैविक विविधता संरक्षण तथा सम्वर्द्धन गर्न भूमिका निभाउने।

५)  बागवानी जन्य वालीहरु उत्पादन सम्बनधी प्राविधिक सेवा पुर्याउने

६)  फलफूल तथा निजी नर्सरीहरुमा गुणस्तरीय विरुवा उत्पादन गर्नका लागि प्राविधिक सहयोग पुऱ्याउने

**दिर्घकालिन**

१)  लेकाली फलफूल तरकारी तथा तरकारी विउको उत्पादन तथा उत्पादकत्वमा वृद्धि लाई कृषकहरुको जीवन स्तर माथि उकास्ने टेवा पुर्याउने।

२)  फलफूल र ताजा तरकारी दैनिक उपभोगमा वृद्धि ल्याई साधारण जनताको  गुनस्तरको पोषणमा  सुधार ल्याउन टेवा पुऱ्याउने।

३)  बजारमूखी प्रतिस्पर्धात्मक कृषि उत्पादन गर्न सघाउ पुऱ्याउने।

४)  कृषि व्यवसायीकरण गरी गरिवी निवारणमा सहयोग पुऱ्याउने।

**५)  नीतिः**

१)  भौगोलिक प्राविधिक र आर्थिक सम्भावनाका आधारमा वृहत उत्पादन क्षेत्रको स्थापना तथा विकास तर्फ जोड दिईने  छ।

२)  औद्योगीक निति अनुरुप स्थापना हुने विशेष आर्थिक क्षेत्रहरुसंग समन्वयन हुने गरी बजारको माग अनुसारको उपयूक्त परिमाण र गुणस्तरका विशेष कृषि वस्तु उत्पादन गर्न सरोकारवालाहरुको प्रतिवद्धताको आधारमा निम्न लिखित विशेष उत्पादन क्षेत्रको तथा वालीको किटान गरी कार्यक्रम संचालन गरिने छ।

- व्यावसायिक वाली उत्पादन क्षेत्र।
- प्राङग्रारिक विषादी रहित उत्पादन क्षेत्र।
- निर्यात मूलक वाली उत्पादन क्षेत्र।

३)  एकीकृत कृषि अनुसन्धान केन्द्र क्षेत्रमा उत्पादन सामग्री प्रविधि एवं प्राविधिक सेवा,कृषि सडक ग्रामिण विद्यूतिकरण सिचाई  ब्यवसाय ऋण विमा बजार ब्यवस्था सुचना प्रणाली उययूक्त कृषि यान्त्रीकरण एवं प्रशोदन लगाउतका सुविधाहरु संम्बन्धित सरकारी गैरसरकारी सहकारी तथा निजी क्षेत्रको समन्वयन र सहकार्यमा एकीकृत रुपमा सुनिश्चित गरिने छ।

४) एकीकृत कृषि अनुसन्धान केन्द्रलाई संचालन गर्न सुरक्षा गर्न विकास गर्न सुरक्षा गर्न विकास गर्न एक मारिङ एकीकृत कृषि अनुसन्धान केन्द्र संचालन समिति निर्माण उक्त समितिले प्रत्यक वर्ष कार्यक्रम तर्जुमा गरी कृषि तथा आर्थिक विकास समितिमा पेश गर्ने व्यावस्था मिलाईने छ।

५) कार्य क्षेत्रः यो कार्यविधिको कार्यक्षेत्र कृषि अनुसन्धान केन्द्रको कार्यान्वयन क्षेत्रमा मात्र लागू हुनेछ।

## परिच्छेद २
## एकीकृत कृषि अनुसन्धान केन्द्र सञ्चालनको संस्थागत व्यवस्था

६) **एकीकृत कृषि अनुसन्धान निर्देशक समिति**

मारिङ कृषि अनुसन्धान केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि एकीकृत तथा समन्वयात्मक ढङ्गबाट सञ्चालन तथा व्यवस्थापन गर्न नीतिगत तथा व्यवस्थापकीय निर्देशन तथा नियन्त्रण गर्न देहाय बमोजिमको एक निर्देशक समिति रहनेछ।

- अध्यक्षः गाउँपालिका अध्यक्ष
- सदस्यः गाउँपालका उपाध्यक्ष
- सदस्यः विषयगत समितिका संयोजकहरु
- सदस्य सचिवः प्रमुख प्रशासकीय अधिकृत

७) **एकीकृत कृषि अनुसन्धान व्यवस्थापन समिति**

मारिङ कृषि अनुसन्धान केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि एकीकृत तथा समन्वयात्मक ढङ्गबाट सञ्चालन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको एक सञ्चालक समिति रहनेछ।

- संयोजकः प्रमुख प्रशासकीय अधिकृत
- सदस्यः वडाध्यक्ष, वडा नं. २
- सदस्यः वडाध्यक्ष, वडा नं. ७
- सदस्यः सामाजिक तथा आर्थिक विकास शाखा प्रमुख
- सदस्यः इकाई प्रमुख, पशु सेवा इकाई
- सदस्य सचिवः इकाई प्रमुख, कृषि विकास इकाई

८) कृषि व्यवसाय प्रवर्द्धन तथा उद्योग संचालन र कृषि जन्य वस्तु उत्पादन प्रशोधन गर्न बनेको नीति प्रभावकारी कार्यान्वयन समन्वयन र अनुगमन गर्न देहाय बमोजिमको अनुगमन समिति रहने छ।

संयोजकः गाउँपालिका उपाध्यक्ष
सदस्यः प्रमुख प्रशासकीय अधिकृत
सदस्यः वडाध्यक्ष
सदस्यः कृषि सेवा इकाई
सदस्यः पशु सेवा इकाई
सदस्यः कृषि उद्योग केन्द्र
सदस्यः गाउँपालिका सहकारी संघ
सदस्यः सामाजिक तथा आर्थिक विकास समिति संयोजक
सदस्यः वडा सचिव २ र ३
सदस्यः गाउँपालिका उद्योग वाणिज्य संघ
सदस्यः गाउँपालिका स्तरीय सामुदायिक वन उपभोक्ता समिति

## परिच्छेद ३

## जनशक्ती व्यावस्थापन र परिचालन

९) **जनशक्ति व्यवस्थापनः (१)** अनुसन्धान केन्द्रमा आवश्यक जनशक्ति संरचना र पदपूर्ति गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(२) आवश्यक प्राविधिक जनशक्ति गाउँ कार्यपालिकाले र ज्यामीको परिचालन व्यवस्थापन समितिले गर्नेछ।

(३) आवश्यकता वमोजिम अन्य दक्ष जनशक्तिको व्यवस्था मिलाई कार्य संचालन गर्नुपर्नेछ।

१०) **स्रोत व्यवस्थापनः** (१) कृषि अनुसन्धान केन्द्र व्यवस्थापन तथा सञ्चालनका लागि आवश्यक स्रोतको व्यवस्थापन गाउँपालिकाको वार्षिक कार्यक्रममा निर्धारण भए बमोजिम हुनेछ।

(२) अनुसन्धान केन्द्र व्यवस्थापन तथा सञ्चालनका लागि वार्षिक विकास कार्यक्रममा स्वीकृत बजेटको अलावा नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाको विशेष अनुदान, दातृ निकायको दान/अनुदान/तथा चन्दा गाउँ कार्यपालिकाको निर्णयानुसार अनुसन्धान केन्द्रको आम्दानीको रुपमा व्यवस्था गर्न सकिने छ।

११) **कार्य योजना**: एकीकृत कृषि अनुसन्धान केन्द्रले निश्चित कार्य योजना अनुमानित लागत स्टिमेट तयार गरी कृषि अनुसन्धान केन्द्र व्यवस्थापन समिति मार्फत गाउँपालिका लगायत सम्बन्धित निकायमा पेश गरी स्वीकृत गर्नुपर्नेछ ।

१२) **प्रवर्द्धन**: कृषि अनुसन्धान केन्द्रको विकास प्रवर्द्धक सम्वर्द्धक र ब्यवसाय संचालन गर्ने गाउँपालिकाले नियमित रुपमा केन्द्रले तयार गरेको लागत अनुमान कार्ययोजनाको अध्ययन गरी निश्चित अनुदान रकम उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।

१३) **खर्च गर्ने सम्बन्धी व्यवस्था**: अनुसन्धान केन्द्रले उत्पादन गरि वेच विखन गरेको बस्तुबाट प्राप्त आर्थिक लाभ बजेट अनुसन्धानको स्तर उन्नती गर्न कर्मचारीको पारिश्रमिक व्यवस्था गर्न उत्पादक सामाग्रीको व्यवस्था मिलाउन र अनुसन्धान र उत्पादन गर्न प्राविधिक सेवा टेवाको लागि खर्च गर्ने व्यवस्था मिलाईने छ ।

१४) **अधिकार प्रत्यायोजन**: कार्यपालिका र निर्देशक समितिले आफ्नो केही अधिकार मातहतको समिति वा संयोजकलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१५) **थपघट, हेरफेर वा संशोधन**: (१) गाउँ कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकतानुसार थपघट वा हेरफेर वा आवश्यक संशोधन गर्न सक्नेछ ।

(२) कार्यपालिकाले उपदफा (१) बमोजिम संशोधन वा हेरफेर वा संशोधन गरेको विषयको सूचना सर्वसाधारणको जानकारीको लागि प्रकाशन गर्नुपर्नेछ ।

१६) **बाधा अड्काउ फुकाऊ**: यो निर्देशिका कार्यान्वयनको सम्बन्धमा कुनै बाधा अड्काउ परेमा यस नियमावलीको भावना प्रतिकूल नहुने गरी कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।